खैरहनी नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

खैरहनी, चितवन

## युवा स्वयंसेवक शिक्षकमा सूचीकृत हुने दरखास्त आह्वानको सूचना।

(प्रथम पटक प्रकाशित मिति २०७८।०४।१९)

यस खैरहनी नगरपालिकाको युवा स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७६ बमोजिम आ.व. २०७८।७९ का लागि खैरहनी नगर क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयमा युवा स्वयंसेवक शिक्षक परिचालनका लागि यस नगरपालिका क्षेत्रभित्र स्थायी बसोबास भएका युवाहरुको सूची तयार पार्ने प्रयोजनको लागि इच्छुक तथा योग्यता पुगेका युवाहरुले सूचना प्रकाशित मितिले ७ दिन भित्र माग बमोजिमको विवरण सहित यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नुहुन अनुरोध छ।

**१) पदः युवा स्वयंसेवक शिक्षक (आधारभूत तह / बालबिकास केन्द्र सहजकर्ता)**

आवश्यक न्यूनतम शैक्षिक योग्यताः नियमित विद्यार्थीको रुपमा कक्षा १२ को परीक्षा दिएर बसेका विद्यार्थीको हकमा अङ्ग्रेजी, गणित र विज्ञान मूल विषय लिई कक्षा ११ मा न्यूनतम C+ वा 2GPA ल्याएको हुनुपर्नेछ। अन्य व्यक्तिको हकमा न्यूनतम शैक्षिक योग्यता कक्षा १२ वा सो सरह उत्तीर्ण भई स्नातक तहमा अध्ययनका लागि योग्य भएको हुनु पर्नेछ। सोभन्दा माथिल्लो शैक्षिक योग्यता भएका व्यक्ति पनि योग्य हुनेछन।

**२) सेवा सुविधाः** मासिक रु १०,०००।– (अक्षरेपी दश हजार रुपैयाँ मात्र)

**३) दरखास्त दिने मितिः** २०७८ श्रावण १९ देखि श्रावण २५ गते सम्म।

**४) दरखास्त दिने स्थानः** खैरहनी नगरपालिका, शिक्षा, युवा तथा खेलकुद शाखा।

**५) स्वयंसेवा अवधिः** १ पटकमा बढीमा ३ महिना हुनेछ।

**६) दरखास्त साथ संलग्न गर्नुपर्ने आवश्यक कागजपत्रहरुः**

क) नेपाली नारिकताको प्रमाणपत्र, ना.प्र. पत्र अन्यत्रबाट जारी भएको भए बसाईसराइ प्रमाणपत्रको प्रतिलिपि र ना.प्र. पत्रमा स्थायी ठेगाना अन्यत्र उल्लेख भएको विवाहित महिलाको हकमा विवाह दर्ताको प्रमाणपत्र।

ख) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र

ग) निवेदकको दस्तखत भएको यसैसाथ संलग्न अनुसूचि-१ बमाजिमको आवेदन फाराम (नगरपालिकाको शिक्षा शाखाबाट उपलब्ध हुने )

घ) दरखास्त दिँदा आवेदकको उमेर १६ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने।

ङ) कुनै कानुनले अयोग्य नठहरिएको।

च) आवेदन दिंदा कुनै दस्तुर लाग्ने छैन।

थप जानकारीको लागि यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ।

पुनश्चः निवेदन पेश गर्ने उम्मेदवारको छनौट युवा स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७६ अनुसार हुनेछ।

राजु बानियाँ
उप सचिव
नगर शिक्षा अधिकारी

**शिक्षा, युवा तथा खेलकुद शाखा**
**खैरहनी नगरपालिका, चितवन**

खैरहनी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खैरहनी, चितवन
बागमती प्रदेश, नेपाल

फोन ०५६-५८२८८५
०५६-५८२००६

प.सं. : ०७८।७९
च.नं. : ४५६

मितिः २०७८।०४।१९

**विषयः सूचना प्रकाशित गर्ने सम्बन्धमा।**

**श्री वडा कार्यालयहरु सबै,**
**श्री क्याम्पस तथा कलेजहरु सबै,**
**श्री माध्यमिक विद्यालय, सामुदायिक तथा संस्थागत (कक्षा १२ सम्म संचालित),**
**खैरहनी नगरपालिका, चितवन।**

प्रस्तुत विषयमा खैरहनी नगर क्षेत्रभित्र संचालित सामुदायिक विद्यालयमा युवा स्वयंसेवक शिक्षक परिचालनको लागि यस नगरपालिका क्षेत्रभित्र स्थायी बसोबास भएका युवाहरुको सूचि तयार पार्ने प्रयोजनका लागि इच्छुक युवाहरुबाट मिति २०७८।०४।१९ मा ७ दिनको सूचना प्रकाशन गरिएको जानकारी गराउँदै त्यस कार्यालयमा पनि यसै साथ संलग्न सूचना सम्बन्धित सबैलाई जानकारी हुनेगरी सूचना टाँस गरि प्रचार–प्रसार गरिदिनु हुन अनुरोध छ।

.............................
(राजु बानियाँ)
नगर शिक्षा अधिकारी

राजु बानियाँ
उप सचिव
नगर शिक्षा अधिका

**बोधार्थः**

श्री सूचना प्रविधि शाखा, खैरहनी नगरपालिकाः सूचना नगरपालिकाको Website मा प्रकाशन गरिदिनुहुन।

मिति: २०७८।....।....

श्री नगर शिक्षा अधिकारीज्यू,
खैरहनी नगरपालिका कार्यालय, चितवन ।

**विषयः स्वयंसेवक शिक्षक कार्यक्रममा सहभागि हुन पाऊँ ।**

उपर्युक्त सम्बन्धमा खैरहनी नगरपालिकाको मिति २०७८/०४/१९ मा प्रकाशित सूचना अनुसार म स्वयंसेवक शिक्षक पदमा नियुक्तिको लागि तोकेको शर्त र प्रक्रिया पालना गर्न मञ्जुर छु भनी आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र खैरहनी नगरपालिकामा स्थायी बसोबास भएको प्रमाण यसै निवेदनसाथ संलग्न राखी पेश गरेको छु ।

**निवेदकको विवरण:**

१) निवेदकको नामथर:

२) बाबुको नाम:

३) आमाको नाम:

४) ठेगाना: जिल्ला: चितवन, खैरहनी नगरपालिका वडा नं. ........टोल:................

५) सम्पर्क फोन नम्बर :

६) शैक्षिक योग्यताको विवरण:

| क्र सं | शैक्षिक योग्यता | उत्तीर्ण गरेको शैसंस्थाको नाम. | प्राप्ताङ्क प्रतिशत /GPA | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

७) आवेदन दिन चाहेको क्षेत्र:

क) आभारभूत तह ☐ ख) बालविकास केन्द्र ☐ ग) दुवै ☐

निवेदक

………………..…